# स्थानीय राजपत्र

## घोराही उपमहानगरपालिका

## लुम्बिनी प्रदेश  घोराही दाङ

## लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति,२०७८

प्रमाणिकरण मिति : २०७८। ०३।०३

### १.पृष्ठभुमि

नेपालको संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ । यसका लागि

संविधानको मौलिक हक अन्तर्गत धारा १६ ले सबै व्यक्तिहरुको सम्मानपूर्वक बाच्ने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, ३८ ले महिलाको हक, धारा ३९ ले बालवालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरिकको हक, धारा ४२ ले सामाजिक न्यायको हक र धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्थाको साथै धारा ५२ ले राज्यले गर्नुपर्ने दायित्वको ब्यवस्था गरेको छ । यसका साथै राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, थारु आयोग, मधेशी आयोग, मुस्लिम आयोग जस्ता संवैधानिक आयोगहरुको व्यवस्था समेत गरी संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तलाई आत्मसाथ गरेको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४, कार्यान्वयनमा छ । सोही ऐनको दफा २४ ले नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीयस्तरमा विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा ब्यवस्था गरेको र सोही दफाको उपदफा (२) मा योजना बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने उल्लेख गरेको छ ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको सामाजिक समावेशीकरण नीति, २०७६ ले विभेद रहित, समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि सवै वर्ग, जातजाति, लिंङ्ग तथा क्षेत्रको समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भूमिका सहित समाजिक समावेशीकरण मार्फत सवैले आत्मसम्मान बोध हुने वातावरण निर्माण गर्न सवै तह, क्षेत्र तथा संरचनाहरुमा मूलप्रवाहीकरणको माध्यमबाट समावेशी शासन पद्धतिलाई संस्थागत गर्ने उद्देश्य लिएको छ । साथै उक्त नीतिले स्थानीय तहसम्म सामाजिक समावेशीकरण नीति कार्यान्वयन सम्बन्धी समितिको व्यवस्था समेत गरेको छ ।

यसैगरी पन्ध्रौयोजना (२०७६/०७७-२०८०/२०८१) र राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ले योजना देखि उपलब्धिसम्म लैङ्गिक समानता र समावेशी विषयलाई आन्तरिकीकरण गर्न सबै तहहरुमा कार्य गर्न निर्देशित साथै व्यवस्था गरेकोछ । यी कार्यहरु गर्न घोराही उप-महानगरपालिकाले लैङ्गिकमैत्री र समावेशी उप-महानगरपालिका बनाउने परिकल्पना अनुरुप समुदायमा पछाडी पारिएका वा परेका

समुदायहरु जस्तै दलित, आदिवासी जनजाती, मधेसी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसंख्यक र सीमान्तकृतमा महिला, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडितहरुलाई समान सहभागीता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागीताको भुमिका सहित लैङ्गिक समानता र सामाजीक समावेशीकरण मार्फत सवैले आत्मसम्मान वोध हुने वातावरण निर्माण गर्न र यस पालिकाका सबै कार्यालयहरुको नीति तथा कार्यक्रमहरुलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न र गराउन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको आवश्यकता ठानिएकोछ । ति कार्यहरुलाई घोराही उप-महानगरपालिकावाट गठन तथा सञ्चालन हुने समिति, संरचना र क्रियाकलापहरुलाई लैससास मुल प्रवाहीकरणको माध्यमवाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतीलाई संस्थागत गर्न आवश्यक देखीएकोले “घोराही उप-महानगरपालिकाको लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७८ ” तयार गरिएको छ ।

## २. विगतका ब्यबस्था, प्रयासहरु

यस घोराही उप-महानगरपालिकाले विगतवर्ष देखि नै समुदायका पछाडी पारिएका वा परेका समुदायहरु जस्तै दलित, आदिवासी जनजाती, मधेसी, थारु, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक र सीमान्तकृत महिला, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडितहरु लगायतलाई विकासको समग्र प्रक्रिया तथा प्रतिफलको हिस्सेदारीमा मूल प्रवाहीकरण गर्ने प्रयास निरन्तर रहेको छ । श्रोत साधन र सार्वजनकि सेवामा पहुँच वढाउन निर्णय प्रक्रिया तथा कार्यान्वयनमा न्यायोचित प्रतिनिधित्व सुनिश्चीत गर्न र लक्षितवर्गको उत्थान, विकास र सशक्तीकरण लगायत सामाजिक सुरक्षाका लागि विभिन्न कार्यक्रमहरु संस्थागत रुपमा संचालन भएका छन । विगत वर्षदेखीनै संचालित यी कार्यक्रमहरुवाट लक्षित वर्गको सशक्तीकरणमा उल्लेखनीय योगदान पुगेको छ ।

घोराही उप-महानगरपालिको वार्षिक नीति तथा कार्यक्रमहरुले लैङ्गिक समानता तथा सामाजीक समावेशीकरणलाई प्रवर्द्धन गर्दै जाने नीति तथा कार्यक्रमहरु तर्जुमा गर्ने गरेको छ । नेपालकै पहिलो लैङ्गिक हिंसा नियन्त्रित र वालमैत्री घोषणा तत्कालिन सौडियार र धर्ना गा.वि.समा हाल घोराही उपमहानगरपालिकाको वडा नं. ५,६र७ रहेको छ । वेवारिसे सडक मानव मुक्त नगर घोषण भएको, केही वडामा खरको छानो मुक्त नगर घोषण भएको,उपमहानगरपालिकाले ऐन, नियम र कार्यविधि तथा मापदण्ड तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजीक समावेशीकरण सम्बन्धी संवेदनशिल भएर बनाउने प्रयास गरेको, वार्षिक योजना

तर्जुमा गर्दा लैङ्गिक तथा समावेशी सहभागीता लाई जोड दिदै योजना तथा कार्यक्रमहरु तर्जुमा, नगरपालिकाले हिंसा पीडित महिलालाई सहयोग पुऱ्याउन लैङ्गिक हिंसा निवारण कोषको स्थापना, कार्यविधि निर्माण तथा लैङ्गिक हिंसा प्रभावित महिलाका लागि सेवा प्रवाह गर्न विभिन्न समितिहरु निर्माण भएको छ । यसमा समाजमा विद्यमान लैङ्गिक र जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन र गरिवी, आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न नेपाल सरकारद्धारा राष्ट्रिय तथा अर्न्तराष्ट्रियस्तरमा गरेका विभिन्न प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्ने प्रयासलाई निरन्तरता दिन घोराही उपमहानगरपालिकाबाट पनि सरकार, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको सहयोगमा विभिन्न परियोजनाहरु परिचालन गरी उल्लेख्यनिय कार्यहरु भएका छन।

**वर्तमान स्थिती**

घोराही उपमहानगरपालिकामा आर्थिक रूपले विपन्न लगायत नागरिकको संरक्षण, सशक्तीकरण, सचेतना विकासका लागि आय आर्जनका कार्यक्रमहरु रहेका छन् । लैङ्गिक हिंसा प्रभावितका लागि आपतकालिन महिला सेवा केन्द्र संचालनमा रहेको छ, अनाथ तथा टुहुरा बालबालिकाका लागि बालशान्ती गृह निरन्तर सहयोगमा रहेको,साथै सडक बालबालिकाको लागि आपतकालिन पुनःस्थापना केन्द्र संचालनमा रहेको, जेष्ठ नागरिकहरुको लागि दिवा सेवा केन्द्र संचालनमा रही १९वटै वडामा संचालनमा रहेको, वृद्ध वृद्धाहरुको लागि तेरौटे वृद्धाआश्रम सहयोगमा रहेको, बोवारिसे सडक मानव व्यवस्थापनका लागि मानव कल्याण सेवा घर संग समन्वय र सहकार्यमा रहेको, लैगिंक हिंसा निवारण कोष तथा बाल कल्याण कोष संचालनमा रहेको छ । एकला महिला, महिला संस्था, बाल संजाल, किशोरी समुह, बालक्लव ज्येष्ठ नागरिक समिति, नगर तथा वडा स्तरमा लैङ्गिक हिंसा निवारण समिति,अपांगता समन्वय समिती,वाल संरक्षण समिति,बाल मैत्री समिति संरक्षण समिति गठन तथा परिचालनमा रहेको छ । आउदो आ.व.२०७८/७९को अन्त सम्म लैङ्गिक हिंसा नियन्त्रित र वालमैत्री नगर घोषणा गर्ने लक्ष्य रहेकोले विभिन्न कार्यक्रमहरु निरन्तर सचालनमा रहेका छन ।

## ३. लैससास सम्बन्धमा प्रमुख रुपमा देखिएका समस्या, चुनौति,अवसर र अवसरहरु

समावेशी लोकतन्त्रलाई सस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र उपमहानगरपालिका अर्न्तगतका समिति र संरचना निर्माणमा लक्षित वर्गको समतामुलक पहुच स्थापित गर्न लैङ्गिक समानता र सामाजिक समावेशीकरण

आवश्यक छ । यस घोराही उपमहानगरपालिकाको सन्दर्भमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण गर्न मुलतः देहायको समस्या र चुनौती रहेको देखिन्छ ।

## ३.१ समस्याहरु

१. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी वुझाईमा एकरुपता नहुनु, सेवाप्रवाह गर्ने व्यक्ति विशेषको मूल्य,मान्यता र व्यवहारमा समानता नहुनु,
२. विभिन्न लिङ्ग, वर्ग,क्षेत्र समुदाय र जातजाती विच हुने ब्यबहारगत विभेद हट्न नसक्नु,
३. विभिन्न लक्षित वर्गहरु जस्तै दलित, आदिवासी जनजाती, थारु, पिछडावर्ग,महिला र अपाङ्गता भएका व्यक्तिहरु वा समुदायहरु विचमा आर्थिक तथा सामाजिक उच्च अन्तर रहनुजस्तै धर्ना, रामपुर, पलासे आदी क्षेत्रमा रहेका महिला तथा विपन्न वर्गको समेत आर्थिक तथा सामाजिक अबस्था धेरै कमजोर रहनु,
४. लिंङ्गको आधारमा ज्याला दररेटमा भेदभाव तथा दक्ष महिला कामदारलाई समेत ज्याला दरमा भेदभाव गर्ने,
५. उपमहानगरपालीकामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागी आवश्यक खण्डीकृत तथ्यांक संकलन र अभिलेखीकरणको अभाव रहनु साथै भएका तथ्याङ्कहरुको योजना तर्जुमा र समिक्षाको लागि प्रयोगमा नआउनु,
६. उपमहानगरपालीकाको योजना तर्जुमा प्रक्रियामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणेको सवाल मुलप्रवाहीकरण गर्न नसक्नु,
७. लक्षित वर्गहरुको सुचना र सेवामा पहुँच नहुनु ,
८. उपमहानगरपालिकाले प्रदान गर्ने सेवा, सुविधा, अवसर र लाभको न्यायोचित वितरण हुन नसक्नु,
९. बन्चितिकरणमा परेका वर्ग र समुहलाई आर्थिक तथा सामाजिक रुपमा सशक्तिकरण गर्न नसक्नु, साथै नगर क्षेत्र भित्र रहेका वादि समुदायका महिलाको आर्थिक तथा सामाजिक अबस्था दयनीय छन,
१०. उपमहानगरपालिकावाट गठन हुने समिति र संरचनामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणको भावना समेटन नसक्नु,
११. नगरपालिकाको अनुगमन तथा मुल्यांकन र प्रतिवेदन प्रणालीले लैङ्गिक समानता र सामाजिक समावेशीकरणका अवधारणालाई अवलम्बन गर्ने सुचकहरु समावेश नहुनु साथै व्यवहारमा नआउनु,

१२. नियमित रुपमा लैङ्गिक उत्तरदायी वजेट र लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण नहुनु,

## ३.२. चुनौतीहरु

१. समाजमा विद्यमान रहेका हानीकारक सामाजिक मुल्य, मान्यता र अन्धविश्वास कायमै रहनु साथै सो कार्य गर्न निरुत्साहित गर्न नसक्नु,
२. लक्षित वर्गको शिक्षा, स्वास्थ्य र आयस्तरमा ज्यादै ठुलो असमानता,
३. उपमहानगरपालीका अन्तर्गत समिति तथा संरचनाहरुलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री कायम गर्न नसक्नु,
४. विद्यमान कानुनी ब्यबस्था, सेवा र सुविधाका वारेमा लक्षित वर्गसम्म सुचना पुऱ्याउन नसक्नु,
५. लाभ वाडफाँडमा वास्तविक लक्षित वर्गको पहिचान र पहुचमा सुनिश्चिचता नहुनु,
६. लक्षित वर्गको प्राथमिकतामा योजना तर्जुमा गर्न नसक्नु साथै कार्यान्वयनमा प्रभावकारिता ल्याउन नसक्नु,
७. नियमितरुपमा लैङ्गिक उत्तरदायी वजेट र लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण भई सुधारका कार्य गर्ने व्यवस्था नहुनु,

## ३.३ अवसरहरु

समावेशीकरणलाई प्रवर्द्धन र प्रोत्साहन गर्ने संविधान र संविधानमा भएका ब्यबस्थाहरु, स्थानीय सरकार सन्चालन ऐन, नेपाल सरकारले अन्तराष्ट्रिय रुपमा जनाएका प्रतिवद्धता, स्थानीय सरकारले नै नीति तथा कानून निर्माण तथा नीति निर्माण गर्ने अधिकारले नगरपालिकालाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री नगर बनाउने अवसर प्रदान गरेको छ । संघीय तथा प्रदेश सरकारको लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री वजेट तथा कार्यक्रम अनुरुप उपमहानगरपालिकालाई नीति तथा कानून बनाउन अवसरहरु प्रदान गरेको छ ।

## ४. लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति तर्जुमाको आवश्यकता तथा महत्व

घोराही उप-महानगरपालीकामा लैससास सम्बन्धमा देखीएका समस्या र चुनौतीको समाधान गर्न देहायका कारणले लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीति आवश्यक रहेको छ ।

१. घोराही उपमहानगरपालिमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी शासन ब्यबस्थाको प्रवर्द्धन गर्न ।

२. घोराही उपमहानगरपालिकामा योजना तर्जुमा प्रक्रियालाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री बनाउन ।
३. नगरको नीति तथा कार्यक्रम र वजेटलाई लैङ्गिक उत्तरदायी बनाउन ।
४. घोराही उपमहानगरपालिको नीति कानून र संरचनामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई मुल प्रवाहीकरण गर्न ।
५. घोराही उपमहानगरपालिका अर्न्तगत सञ्चालन हुने नीति, योजना तथा कार्यक्रमलाई मार्गदर्शन गर्न ।
६. सरोकारवालाहरु विच बुझाईमा एकरुपता कायम गर्न र लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी कानुनी ब्यबस्थाको कार्यान्वयनमा सहयोग पु¥याउन ।
७. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सम्बन्धमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा गरिएका प्रतिवद्धता, संघिय र प्रदेश सरकारका लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता अनुरुपको दायित्व पुरा गर्न ।
८. लक्षित वर्गमा सामाजिक न्याय कायम गर्दै न्यायोचित वितरणको ब्यबस्था गर्न ।
९. गुनासो सुनुवाईको उचित ब्यबस्था गर्न ।
१०. नेपाल सरकारले गरेको दिगो विकासको लक्ष प्राप्त गर्न ।

## ५. दीर्घकालीन सोंच

- विभेद रहित, समता मूलक र समृद्ध समाजको निर्माण ।

## ६. लक्ष्य

- सामाजिक समावेशीकरणलाई मुल प्रवाहकिरण तथा आन्तरिकिकरण गर्दै संस्थागत सुदृढिकरण र संरचना, नीति र कार्यप्रणाली मार्फत समतामुलक समाजको निर्माण गर्ने ।

## ७. उद्देश्यहरु :

१.घोराही उपमहानगरपालीकाको नीति, व्यवस्था, कार्यक्रम तथा वजेट लैङ्गिक समानता र सामाजिक समावेशीकरण उत्तरदायी बनाउन,
२. पछाडी पारिएका वर्गलाई सशक्तिकरणको माध्यमवाट सार्वजनिक स्रोत र साधनको पहुँच र नियन्त्रण सुनिश्चत गर्न,
३. महिला हिंसा, घरेलु हिंसा र अन्य सामाजिक कुरितिहरुको अन्त गरि सबै किसिमका भेदभाव हटाई सुरक्षित, सुसंस्कृत तथा सभ्य समाजको स्थापना गर्ने,

४. पछाडी पारिएका वर्ग र समुदायको निर्णय प्रकिया तथा लाभको उपयोग सुनिश्चितता गर्ने,
५. सरोकारवालाहरु विच बुझाईमा एकरुपता कायम गर्न र लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी कानुनी ब्यबस्थाको कार्यान्वयनमा सहयोग पुऱ्याउन,
६. नेपाल सरकारले गरेको दिगो विकासको लक्ष्य प्राप्त गर्न,
७. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सम्बन्धमा लैससास सम्बन्धमा गरिएका प्रतिवद्धता साथै संघीय र प्रदेश सरकारका लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा गरिएका प्रतिवद्धता अनुरुपको दायीत्व पुरा गर्न ।

## ८. नीति, रणनीति तथा कार्यनीतिहरु

घोराही उपमहानगरपालिकामा माथि उल्लेखित उद्देश्य परिपूर्ति गरी लैङ्गिक समानता र सामाजिक समावेशी सुशासन स्थापना गरी सबै नागरिकहरुलाई हक हितको कार्य गरी समानुपातिक विकास गर्न देहाय बमाजिम नीतिहरु रणनीति र कार्यनीतिको अबलम्बन गरिएको छ ।

**नीतिहरुः**

८.१. लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अवधारणा हासिल गर्न उपमहानगरपालिकाको नीति, कानून तथा मापदण्डहरुको पुनरावलोकन, संसोधन तथा तर्जुमा गर्ने,
८.२. उपमहानगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिताको सुनिश्चित गर्ने,
८.३. उपमहानगरपालिकाका कार्यक्रम तथा वजेट लैङ्गिक उत्तरदायी तथा समावेशी बनाउने,
८.४. सेवा प्रदायक, सरोकारवाला, अधिकार संस्थाहरुको लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा क्षमता अभिवृद्धी गर्ने,
८.५. लक्षित वर्ग लाई सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चत गर्ने ।

## ८.१ नीति अनुरुप रणनीति र कार्यनीतिहरु यस प्रकार छनः

**नीति-१ः उपमहानगरपालिकाको नीति, कानून तथा मापदण्डहरुको पुनरावलोकन, संशोधन तथा तर्जुमा गर्ने,**

**रणनीति**

१.१ लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई संस्थागत गर्न आवश्यक कानून, नियमावली, कार्यविधी तथा मापदण्डहरुको तर्जुमा गर्ने,

१.२. उपमहानगरपालिकाको बार्षिक, आवधिक योजना, कार्यक्रम तथा बजेटहरुको तर्जुमा गर्ने,

१.३. लैङ्गिक समानता र सामाजिक समावेशीकरण मूल प्रवाहिकरण गर्न संस्थागत संरचनाहरु विकास र विस्तार गर्ने,

**कार्यनीति**

१.१.१ उप महानगरपालिकाको विधमान ऐन, कानून, नीति, मापदण्ड तथा कार्यविधीहरुको लैङ्गिक समानता र सामाजिक समावेशीकरणको दृष्टिकोणबाट पुनरावलोकन र आवश्यकता अनुरुप संशोधन र तर्जुमा गर्नेछ,

१.२.१. लैससासको दृष्टिकोणबाट लक्षित वर्गहरु वा समुदायहरुको (महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, एकल महिला, सिमान्तकृत तथा पछाडी परेका) आवश्यकताको पहिचान गर्नेछ,

१.२.२. लैससासको दृष्टिकोणबाट विगतका अभ्यास तथा प्रतिफलमा आधारीत भई वार्षीक योजना आवधिक योजना, क्षेत्रिय कार्यक्रम तथा बजेटको तर्जुमा गर्नेछ,

१.२.३. .उपमहानगरपालिकाले वार्षिक, आवधिक योजना तथा कार्यक्रमहरुमा बजेटको तर्जुमा गर्दा लक्षित कार्यक्रमको लागी न्युनतम प्रतिशत तोकीने नीति ल्याउनेछ,

१.२.४. प्राकृतिक विपत, आपत तथा स्वास्थ्य महामारी जस्ता जोखिम अवस्थाहरुमा लक्षित समुदायका लागि आवश्यक पर्ने उद्धार, राहत र पुर्नस्थापनाका लागी नगरपालिकामा स्पष्ट नीति तयार पार्नेछ,

१.३.१. उपमहानगरपालिकाले लैससास समन्वय समिती, पालिका देखि वडा तहसम्म उपसमितीहरुको संरचनाहरु विकास र विस्तार गर्नेछ,

१.३.२. लैससास समन्वय समिती र उपसमितीहरुको कार्यभार, जिम्मेवारी र अधिकारहरु स्पष्टसंग निर्कौल गरी परिचालन गरिनेछ,

१.३.३. लैससास समन्वय समिती र उपसमितीहरुलाई कार्यभार प्रभावकारीता पूर्वक बहन गर्न क्षमता विकास को व्यवस्था गर्नेछ,

**नीति-२: उप-महानगरपालिकाको योजना तर्जुमा प्रकियामा लक्षित वर्गको अर्थपुर्ण सहभागिताको सुनिश्चित गर्ने,**

**रणनीति**

२.१. उपमहानगरपालिकाको योजना तर्जुमाको लागी सहभागितात्मक नीति र कार्यविधि तर्जुमा गर्ने,

२.२ उपमहानगरपालिकाको योजना तर्जुमाको प्रक्रियामा लक्षित समुदायको क्षमता अभिवृद्धि गरि अर्थपुर्ण सहभागिताको सुनिश्चितता गर्ने,

**कार्यनीति**

२.१.१. योजना तर्जुमा गर्दा टोल स्तरवाट नै लक्षित समुदायको समानुपातिक अर्थपूर्ण सहभागीताको सुनिश्चितता गर्नेछ,

२.१.२. उपमहानगरपालिकाले प्रदान गर्ने वजेट सिलिङमा नै लक्षित समुदायका लागी वजेट विनियोजनको ब्यबस्था गर्नेछ ,

२.१.३. उपमहानगरपालिकाको योजना तर्जुमा तथा सार्वजनिक सरोकारका बिषयवस्तुहरुको जानकारी लक्षित समुदायसम्म पुऱ्याउन सञ्चारका माध्यमवाट सम्प्रेषण गर्नेछ,

२.२.१. उपमहानगरपालिकास्तर, वडास्तर तथा समुदायस्तरमा गठन गरीने विभिन्न संजाल, समूह तथा समितिहरुमा लक्षित समुदायको (महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदाय) समानुपातिक सहभागिताको आधारमा प्रतिनिधित्व तथा सहभागिताको सुनिश्चित गर्नेछ,

२.२.२. नगरपालिका तहको नीति, कानून, योजना, कार्यक्रम, बजेट आदीको तर्जुमा गर्दा लक्षित समुदायको (महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदाय) अर्थपुर्ण सहभागिता तथा प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ,

२.२.३ उपमहानगरपालिका मार्फत गठन हुने संरचनाहरुमा लक्षित समुदायको ( महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, एकल महिला,लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी परेका वर्ग र समुदाय) अर्थपुर्ण सहभागिता र प्रतिनिधित्व गराई कुराको सुनिश्चित गरिने छ ।

.

**नीति-३ः उपमहानगरपालिकाका कार्यक्रम तथा वजेट लैङ्गिक उत्तरदायी बनाउने,**

**रणनीति**

३.१. उपमहानगरपालिकाको योजना तथा बजेट तर्जुमा गर्दा लैससास उत्तरदायी कार्यविधि बनाउने,

३.२. लैगिक दृष्टिकोणवाट लक्षित समुदायप्रति जवाफदेफी रहेको कुराको सुनिश्चितता गर्न लैससास लेखाजोखा तथा सार्वजनिक लेखा जोखा(Public Audit)तथा गुनासो सुन्ने संयन्त्रको सुनिश्चितता गर्ने,

३.३. उपमहानगरपालिकाको मूल्याङ्कन प्रविधि र सूचकहरुलाई लैससास उत्तरदायी बनाउने छ ।

**कार्यनीति**

३.१.१ उपमहानगरपालिकाको खण्डिकृत तथ्याङ्कको व्यवस्था, समय अनुसार अद्यावधिक र योजना तर्जुमा साथै समिक्षा गर्न प्रयोग गर्नेछ,

३.१.२. लैससासको दृष्टिकोणबाट महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिङ्क अल्पसँख्यक, एकल महिला, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायको आवश्यकताको पहिचान गर्नेछ,

३.१.३. उपमहानगरपालिकाको योजना तथा बजेट तर्जुमा गर्दा लैससास उत्तरदायी कार्यविधि बनाई प्रयोगमा ल्याईनेछ,

३.२.१. उपमहानगरपालिकाको वजेट तथा कार्यक्रमलाई वार्षिकरुपमा लैससासको दृष्टिकोणवाट परिक्षण गरिनेछ,

३.२.१. उपमहानगरपालिकामा लैससास सम्पर्क ब्यक्ति तोकेर स्पष्ट कार्य जिम्मेवारी उपलब्ध गराईने,

३.२.३.. उप-महानगरपालीकावाट जानकारी सम्प्रेषण गर्दा लक्षित समुदायहरुको मातृ भाषा समेतमा सम्प्रेषण गरिने छ,

३.२.४. उपमहानगरपालिका र वडा तहमा नियमित रुपमा सार्वजनिक सुनुवाई गर्नेछ,

३.२.५. सार्वजनिक सुनुवाई गर्दा लक्षित समुदाय को उपस्थिति र लैससासका सवाललाई उचित सम्बोधन सुचित गर्नेछ,

३.२.६. उपमहानगरपालिका तहमा रहेका लक्षित समुदायको गुनासो सुन्नका लागि गुनासो सुन्ने संयन्त्रको निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने कुराको सुनिश्चितता गर्नेछ

३.३.१. उपमहानगरपालिकाको मूल्याङ्कन प्रविधि र सूचकहरुलाई परिमार्जित गरी खण्डिकृत सुचना व्यवस्था र प्रतिवेदन दिने व्यवस्थाको गर्नेछ,

३.३.२. उपमहानगरपालिकाले समिक्षा गर्दा खण्डिकृत सूचना र प्रतिवेदनलाई आधार गर्ने व्यवस्था गर्नेछ ।

**नीति-४: सेवा प्रदायक, सरोकारवाला, अधिकारवादी संघसंस्थाहरुको लैससास सम्बन्धमा क्षमता अभिवृद्धी गर्ने**

**रणनिति**

४.१. उपमहानगरपालिकामा लैससास सम्बन्धी क्षमता अभिवृद्धी कार्यविधि तर्जुमा गर्ने ।

४.२. उपमहानगरपालिको समिति तथा वडागत संरचनाहरुमा कार्य जिम्मेवारीमा नै क्षमता विकासको ब्यबस्थाको उल्लेख गर्ने

**कार्यनिति**

४.१.१ उपमहानगरपालीकाको सेवा प्रदायकहरु, सरोकारवाला, अधिकारवाधि संसंस्थाहरुको लैससास सम्बन्धमा लैससास सम्बन्धि क्षमताकोपहिचान गरी आवश्यकता अनुसार क्षमता अभिवद्धी कार्ययोजना तर्जुमा गरी र कार्यान्वयन गर्नेछ,

४.२.१ उपमहानगरपालीका स्तरमा लैससास सम्बन्धि मास्टर प्रशिक्षकहरु उत्पादन गर्ने र सोको परिचालन गर्नेछ,

४.२.२ उपमहानगरपालिका अर्न्तगत योजना तर्जुमा प्रकृयामा संलग्न कर्मचारी र सघंसंस्थाहरुलाई लैससासका समस्या र चुनौतिहरुको अवलम्बन गरी समस्या समाधान गर्न विभिन्न उपायहरु साथै लैससास उत्तरदायी योजना तथा बजेटको विधिहरु बारेमा क्षमता अभिवृद्धि गर्नेछ,

४.२.३ उपमहानगरपालिकावाट सञ्चालन हुने सवै तालिम, अन्तक्रिया र गोष्ठीहरुमा अनिवार्य रुपमा लैससासको विषय समेटने साथै नगरपालिकाको मानव संशाधन तथा क्षमता विकास शाखा मार्फत कुनै पनि कार्यक्रममा लैससास प्रवर्द्धनका लागी समेटनुपर्ने विषय तर्जुमा गरि कार्यान्वयन गर्नेछ,

४.२.४ लैङ्गिक हिंसा, घरेलुहिंसा, अन्धविश्वास, छुवाछुत, कुरिति, लगायतका गलत परम्परागत हानिकारक सामाजिक मुल्य, मान्यता र व्यवहारका विषयमा लक्षित वर्ग जनप्रतिनिधि, स्थानीय संघ संस्था लाई अभिमुखीकरण गर्नेछ,

४.२.५ विभिन्न सन्चारका माध्यमवाट लैङ्गिक हिंसा, घरेलुहिंसा, अन्धविश्वास, छुवाछुत, सामाजिक कुरिति उन्मूलन गर्न सचेतना मुलक सन्देश तथा कार्यक्रमहरु सञ्चालन तथा प्रशारण गर्नेछ,

४.२.६ लैङ्गिक हिंसा अन्त गर्न बनेका विद्यमान कानून र ब्यबस्थाहरु वारे प्रचार प्रसार तथा सचेतीकरण गर्नेछ,

४.२.७ स्थानीय स्तर लैससासको क्षेत्रमा उल्लेख्य काम गर्ने समुह, सस्था तथा ब्यक्ति लाई असल कामको प्रवर्द्धन गर्न वार्षिकरुपमा प्रोत्साहनको व्यवस्था गर्नेछ,

४.२.८ अन्तर पालिका तहमा लैससास सम्बन्धी भएका असल अभ्यासहरु आदान प्रदान गरिने छ र

अन्तर वडा असल अभ्यास तथा सिकाई आदान प्रदान गर्नेछ,

४.२.९ उप-महानगरपालीका क्षेत्रभित्र रहेका माध्यमिक विद्यालयका सामाजिक विषयका शिक्षाहरुलाई लैससासको अवधारणाका वारेमा अभिमुखीकरण गर्नेछ,

४.२.१० वार्षिक रुपमा नगरपालीकाले लैससास प्रवर्द्धन गर्ने खालका सुचना शिक्षा र संचार सामाग्रीहरु प्रसारण तथा प्रकाशन गर्नेछ

४.२.११ स्थानीय तहमा गठन हुने वालक्लब, महिला समुह, सहकारी, किशोर किशोरी समुहलाई लैससास सम्बन्धी अभिमुखीकरण गर्नेछ ,

४.२.१२.लैससासका सवाललाई न्यायीक समितिमा प्रमुख प्राथमिकताका साथ सुनुवाई गर्नेछ,

४.२.१३. विशेष गरेर महिला, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रुपमा विपन्न वर्ग तथा समुदायका लागि सिपमुलक, आयमुलक, उद्यमशिलता जस्ता आर्थिकोपार्जन र जिवनउपयोगी कार्यक्रमहरुको संचालन गर्नेछ ।

४.२.१४.लिङ्गमा आधारित हिंसा र भेदभावपुर्ण व्यवहार विरुद्धका हरेक क्रियाकलाप तथा कार्यक्रमहरुमा किशोर तथा पुरुषहरुको (Men Engagé)अर्थपुर्ण सहभागिता गराउने ।

**नीति-५: लक्षित वर्गलाई सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा पहुँच र नियन्त्रण सुनिश्चत गर्ने ।**

**रणनिति**

५.१. लैससास केन्द्रित स्रोत साधन वितरण सम्बन्धी कार्यविधि, मापदण्ड तर्जुमा गर्ने,

५.२. लैससासको प्रवर्द्धनका लागी नागरिक समाज, अधिकारमुखि संघ सस्थाहरु संग समन्वय र सहकार्य गर्ने

**कार्यनिति**

५.१.१.घोराही उप-महानगरपालिकावाट सन्चालीत योजना तथा कार्यकमहरुमा लक्षित समुदायको (महिला, दलित, अपाङ्गता भएका व्यक्तिहरु, लैङ्गिक तथा यौनिक अल्पसँख्यक, सिमान्तकृत तथा पछाडी पारिएका वर्ग र समुदायका ब्यक्तिहरु) सहभागिता र समानुपातिक लाभको सुनिश्चितताको लागि कार्यविधि र मापदण्ड तयार पार्नेछ ,

५.१.२. उपमहानगरपालिकावाट आयोजनाको अनुगमनमा लैससासको दृष्टिकोणवाट अनुगमन तथा मुल्यांकन गर्नेछ,

५.१.३. उप-महानगरपालीकावाट सन्चालन हुने सेवा, सुविधा, कार्यक्रमको प्रभावकारीता लैससासको दृष्टिकोणवाट पुनरावलोकन तथा समीक्षा गर्नेछ,

५.१.४. उपमहानगरपालिकाबाट सञ्चालित कार्यक्रम वा प्रवाह हुने सेवा, सुविधा र कार्यक्रमको निरन्तर अनुगमन तथा सुपरिवेक्षणका लागि लक्षित समुदायहरुको सहभागितामा प्राथमिकिकरणमा रहेको क्षेत्रमा अल्पकालिन तथा दिर्घकालिन रुपमा हासिल गर्न सक्ने गरी सुचांकहरुको सुचि तयार गर्नेछ,

५.२.१. सरोकारवाला र, अधिकारवादि संघसंस्थाहरुको तथ्याङ्क राख्ने र अद्यावधिक गर्ने,

५.२.२. सो संस्थाहरुलाई लक्षित वर्गसम्म कार्यक्रम पुऱ्याउन (सूचनाको पहुँच बढाउन, क्षमता अधिवृद्धि गर्न, श्रोत साधानको वितरण तथा लाभको सुनिश्चितता गर्न) समन्वय र सहकार्य गर्नेछ,

५.२.३. सो संस्थाहरुलाई आवश्यकता अनुसार क्षमता अभिवृद्धि गरि समन्वय र सहकार्यमा प्रभावकारिता ल्याउनेछ ।

## ९.नीतिको कार्यान्वयनमा आउन सक्ने संभावित जोखिम तथा सो जोखिम न्युनिकरणका उपायहरु ।

उल्लेखित नीति, रणनीति र कार्यनीतिहरुको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने सम्भाव्य जोखीम तथा चुनौती र जोखिमको निराकरणका लागि देहाय बमोजिमका उपायहरुको अबलम्बन गरिने छ ।

| क्र.स | संभावित जोखिम | जोखिम न्युनिकरणका उपायहरु |
|---|---|---|
| १. | लैससासको विषय बारेमा समान बुझाईको अभाव हुनु तथा स्थानिय तहको प्राथमितामा नपर्नु । | सहभागितात्मक छलफलबाट समान बुझाई बनाउने, र लैससासको महत्वको बारेमा छलफलको माध्यमबाट प्राथमितामा राख्ने नीतिगत व्यवस्था सम्म गर्ने । |
| २. | नीति कार्यान्वयन गर्ने जिम्मेवार निकाय तथा सरोकारवाला बिच समन्वय नहुनु । | सरोकारवाला बिचमा नियमित साझा बैठक राख्ने तथा पालिका स्तरमा उपलब्ध संजालहरुको उपयुक्त प्रयोग गरी लक्षित समुदायका व्यक्तिहरुलाई कसरी लाभान्वित गर्न सकिन्छ भन्ने बारेमा नियमित छलफल गर्ने । |
| ३. | खण्डिकृत तथ्याङ्क तथा सूचांकहरुको आधारमा योजना कार्यक्रमहरु तयार हुन नसक्नु । | योजना तर्जुमा तथा अनुगमन पद्धतीलाई तथ्याङ्कमा आधारीत बनाउने । |

| | | |
|---|---|---|
| ४. | आर्थिक स्रोतको सिमितता हुनु । | स्थानिय तहको एकमुष्ठ बजेटबाट लक्षित समुदायको लागि निश्चित न्युनतम प्रतिशत बजेट तोकेरै योजना तथा कार्यक्रम तयार गर्ने र प्रत्येक आगामी आर्थिक वर्षको बजेट गत वर्षको तुलनामा बजेट बढाउदै लैजाने ( प्रगतीशिल बजेट) ।<br>समुदायको सक्रिय सहभागिता र अरु सघंसस्थाहरुको सहकार्य र समन्वयमा कार्य गर्ने । |

## १०. लैससास नीतिका अपेक्षित उपलब्धिहरुः

क) घोराही उपमहानगरपालिकाको नीति, कानून व्यवस्था तथा मापदण्डहरु लैससास उत्तरदायी हुनेछ,

ख) घोराही उपमहानगरपालिकाको योजना तर्जुमा प्रक्रियामा लक्षित वर्गमा सूचनाको पहुँच बृद्धिको साथै उनीहरुको क्षमता बृद्धि भई उनीहरुको अर्थपुर्ण सहभागिता हुनेछ,

ग) उपमहानगरपालिकाको कार्यक्रम तथा वजेट लैससास उत्तरदायी हुनेछ,

ध) सेवा प्रदायक, सरोकारवाला, अधिकारवादी संघसंस्थाहरुको लैससास सम्बन्धमा क्षमता अभिवृद्धी भई समान बुझाई र कार्य शैलीबाट लक्षितवर्ग सम्म समान अवसर प्रदान गर्नेछ ।

ङ) लक्षित वर्गहरुका पहुँच र नियन्त्रण सार्वजनिक स्रोत र साधनमा बृद्धि हुनेछ र समानुपातिक लाभको उपयोगबाट उनीहरुको जिवन यापनमा सहजता आउनेछ,

च) नेपाल सरकारले गरेको दिगो विकासको लक्ष प्राप्त गर्न र राष्ट्रियतथा लैससास सम्बन्धमा गरिएका अर्न्तराष्ट्रिय प्रतिवद्धता,संघिय र प्रदेश सरकारबाट गरिएका प्रतिवद्धता अनुरुपको दायीत्वमा योगदान गर्नेछ ।

## ११. लैससास नीति कार्यान्वयनको लागियस आर्थिक वर्षको कार्ययोजना

| क्र.स. | प्रमुख क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय तथा सरोकारवालाहरु | आर्थिक स्रोतको परिचालन | समय सीमा |
|---|---|---|---|---|---|
| १ | घोराही | घोराही | विषय विज्ञहरु | संघ, प्रदेश र स्थानिय | नीति |

| | | | | | |
|---|---|---|---|---|---|
| | उपमहानगरपालिका विद्यमान ऐन कानुन नीति, मापदण्ड तथा कार्यविधि पुनरावलोकन | उपमहानगरपालिका | | सरकारबाट विनियोजित बजेट,विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुं, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | स्वीकृत भएको ३ महिना भित्र |
| २. | घोराही उपमहानगरपालिका जनप्रतिनिधि र सरोकारवाला निकाय बिचमा लैससास नीतिको औचित्य, महत्व र यसबाट पर्ने सकारात्मक असर तथा प्रभावहरुको बारेमा अभिमुखिकरण कार्यक्रमको आयोजना गर्ने | घोराही उपमहानगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट,विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुं, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको २ महिना भित्र |
| ३. | घोराही उप-महानगरपालिमा लैससास सम्बन्धी विषयवस्तु हेर्नका लागि बिशेष रुपमा कर्मचारी तोक्ने र पालिकामा लैससास सम्बन्धी विशेषज्ञताको | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, उपमहानगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट,विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुं, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको एक महिना भित्र कर्मचारी तोक्ने र विशेषज्ञताको विकास गर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| | क्रमश विकास गर्दै जाने । | | | | |
| ४. | घोराही उपमहानगरपालिका र यस अर्न्तगतका १९ वटै वडासँग नियमित समन्वय र सहकार्य गर्ने, नीतिको प्रभावकारीता बारे त्रैमासिक रुपमा समिक्षा गर्ने र आवश्यक देखिएको सुधार नियमित गर्ने | सामाजिक विकास शाखा, तथा योजना शाखा, घोराही उपमहानगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुं, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको १ महिना भित्र, त्यसपछी निरन्तर रुपमा बर्षभरी |
| ५. | घोराही उपमहानगरपालिका १९ वटै वडामा नीतिको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित वडामा लेससास समिति र लैससास सम्बन्धी कार्ययोजनाको निर्माण गर्ने । | सामाजिक विकास शाखा तथा योजना शाखा, घोराही उपमहानगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुं, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको तीन महिना भित्र |
| ६ | लैससास नीति कार्यान्वयनमा उत्कृष्ट प्रर्दशन गर्ने वडा तहलाई पुरस्कृत गरी प्रोत्साहन | घोराही उपमहानगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुं, निजी क्षेत्रवाट प्राप्त वजेटलाई | कम्तीमा वर्षको एकपटक हरेक आर्थिक वर्षको |

| | | | | | |
|---|---|---|---|---|---|
| | गर्ने परिपाटीको विकास गर्ने । | | संस्था तथा विषय विज्ञहरु । | समेत परिचालन गरिने छ । | अन्तमा |
| ७ | प्रत्येक ३/३ बर्षमा लैससास नीतिको पुनरावलोकन गर्ने र समसामयिक रुपमा परिमार्जन तथा संशोधन गर्ने । | घोराही उपमहानगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुं, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको तिन महिना पछी र निरन्तर बर्षभरी |
| ८ | नीति कार्यान्वयनको निरन्तर समिक्षा, अनुगमन, मुल्यांकनका लागि आवश्यक सुचकहरुको निर्माण गर्ने र सोको आधारमा नियमित अनुगमन, मुल्यांकन गर्ने | योजना शाखा | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुं, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएपछी प्रत्येक ६/६ महिनामा |
| ९ | घोराही उपमहानगरपालिकको नियमित बजेटबाट न्यूनतम प्रतिशत रकम लक्षित समुदायको कार्यक्रमका लागि तोक्ने । | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, घोराही उपमहानगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट,विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरुं, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको तिन महिना भित्र |
| १० | घोराही उपमहानगरपालि | महिला तथा बालबालिका | मानव अधिकार तथा | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित | प्रत्येक आर्थिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | लकाको लैससास उत्तरदायी वजेट प्रयोगमा ल्याउने साथै लैससास लेखाजोखा गर्ने(GESI Audit) | शाखा, सामाजिक शाखा, तथा योजना शाखा, घोराही उपमहानगरपालिका | सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | बजेट, विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | वर्षको १ पटक |
| ११ | घोराही उप-महानगरपालिकामा लक्षित वर्गको खण्डीकृत तथ्यांकको अभिलेख राख्ने र सोको अद्यावधि गर्ने | महिला तथा बालबालिका शाखा, सामाजिक शाखा, तथा योजना शाखा, घोराही उपमहानगरपालिका | मानव अधिकार तथा सामाजिक न्यायको क्षेत्रमा कार्यरत संघ संस्था तथा विषय विज्ञहरु । | संघ, प्रदेश र स्थानिय सरकारबाट विनियोजित बजेट,विकास साझेदार राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघ संस्थाहरु, निजी क्षेत्रवाट प्राप्त वजेटलाई समेत परिचालन गरिने छ । | नीति स्वीकृत भएको ४ महिना भित्र |

## १२. लैंङ्गिक समानता तथा सामाजिक समाबेशीकरण नीतिको कार्यान्वयन व्यवस्था

यस नीतिमा भएका प्रावधानलाई घोराही उपमहानगरपालिकामा कार्यान्वयन तथा अनुगमन गर्ने कार्यका साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्दिष्ट गरेको राष्ट्रिय समावेशी नीति र महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले निर्दिष्ट गरेको राष्ट्रिय लैङ्गिक समानता नीति साथै प्रदेशस्तरको मन्त्रालयबाट गरेका निर्देशन अनूरुप लैससास मूलप्रवाहिकरणका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न यी तलका समितिहरुको व्यवस्था गरेको छ ।
घोराही उप महा नगरपालिक स्तरमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) समन्वय समितिको व्यवस्था गरिने छ ।

**यस लैससास समन्वय समितिका गठन यस प्रकार हुनेछः**

क) नगर प्रमुख — संयोजक
ख) नगर उप-प्रमुख — सदस्य
ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

घ) प्रमुख, शिक्षा शाखा सदस्य
ङ) संयोजक, सामाजिक विकास समिति सदस्य
च) सामुदायीक संघ सस्था मध्येवाट संयोजकले तोकेका कम्तीमा दुई महिला सहित पाँच जना सदस्य
छ) प्रमुख, सामाजिक विकास महाशाखा सदस्य सचिव

**समितिको आकार :** समितीका पदाधिकारीहरु ७ देखि १३ जनासम्म रहन सक्नेछन ।

प्रत्येक वडा स्तरमा देहाय बमोजिमको लैंङ्गिक तथा सामाजिक समावेशीकरण उपसमिती गठन गर्न सक्नेछ । सो उपसमिती मार्फत लैससास सम्बन्धि सबै किसिमका कार्यक्रमहरुको समुदाय स्तरसम्म पुऱ्याईने सुनिश्चितता गर्ने छ ।

क) वडा अध्यक्ष संयोजक
ख) वडा सदस्यहरु (महिला र महिला दलित सहित) ३ जना सदस्य
ग) वडा सचिब सदस्य सचिव
घ) अतिथि: संघसंस्थाबाट आवश्यकता अनुसार २ जना
ङ) महिला, बालबालिका तथा जेष्ठ नागरिक विषय हेर्ने अधिकृत १ जना

**लैससास समन्वय समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ ।**

क) घोराही उपमहानगरपालिकाको लैससास नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भुमिका निर्वाह गर्ने र अन्य निकाय तथा कार्यालयसँग कार्यगत समन्वय र सहकार्य कायम गर्ने,
ख) ऐन, कानून, नीति, आवाधिक योजना, विषयगत योजना, पार्श्वचित्र र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेजमा लैससासको विषयवस्तुको समावेश गरी मुल प्रवाहीकरण गर्न प्राविधिक सहयोग गर्ने,
ग) लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति अनुरुप लैङ्गिक तथा सामाजिक समाबेशीकरण कार्यविधि तयार गरि कार्यान्वयन गर्ने गराउने,
घ) योजना तथा वजेट तर्जुमा गर्दा लैससासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने,

ङ) नीति कार्यान्वयन सम्बन्धी अनुगमन तथा मुल्यांकन गर्ने गराउने, सार्वजनिक सुनवाई, सामाजिक लेखाजोखा र लैससास लेखाजोखा गर्न नेतृत्वदायी भुमिका निभाउने,

च) महिला, वालबलिका लगायत वन्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्यांक संकलन एवं विश्लेषण गर्न प्राविधिक सहयोग गर्ने,

छ) आवधिक, वार्षिक, योजना तर्जुमा कार्यान्वयन वजेट वाँडफाट खर्चको लेखा जोखा, अनुगमन तथा मुल्यांकन प्रणली लैङ्गिक तथा समावेशीमैत्री भए नभएको विश्लेषण गर्ने र सामाजिक समोबेशीकरण उत्तरदायी बनाउन नियमित रुपमा सम्बन्धित शाखा तथा उपशाखाहरुमा सुझाव दिने,

ज) लैससास सम्बन्धि क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने,

झ) योजना तथा कार्यक्रमहरुको तर्जुमा गर्दा महिला र विपन्न वर्गका समुदाय र व्यक्तिहरुका विकासका कार्याक्रमहरु समावेश, पहुँच र फाइदा वितरणमा सुनिश्चितता ल्याउन नेतृत्वदायी भुमिका निभाउने,

ञ) सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखीमहरुको समाधान गर्न आवश्यक ब्यबस्था गर्ने,

त) यी माथि उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने

## लैससास समन्वय उप समितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुने छ।

क) घोराही उपमहानगरपालिकाको लैससास समन्वय समितिले गरेका कार्यहरु जस्तैः ऐन, कानुन, नीति, आवाधिक योजना, विषयगत योजना, पार्श्वचित्र र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेज स्थानीय तहका समुदायहरु र नागरिक समाजसंग छलफल गरी लैससास सम्बन्धि विषयवस्तुहरुको समावेश गर्न समन्वयकारी भुमिका निर्वाह गर्ने,

ख) घोराही उपमहानगरपालिकाको योजना तथा वजेट तर्जुमा प्रकृयामा समुदायका विपन्न वर्ग र महिलाहरुलाई सहभागी गराउन नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

ग) घोराही उपमहानगरपालिकाको वडा तहको खण्डिकृत तथ्याकको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न प्राविधिक सहयोग गर्ने,

घ) घोराही उपमहानगरपालिकाका वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारिता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच बढाई फाइदाको समानुपातिक वितरणमा सुनिश्चितता गर्न नेतृत्वदायी भुमिका निभाउने,

ङ) घोराही उपमहानगरपालिकाका नीति कार्यान्वयन गर्न आफ्नो जिम्मेवारी वहन गर्ने र अन्य वडास्तरका निकाय तथा कार्यालय, सरोकारवाला र अधिकारमुखी संघसंस्थाहरुसँग समन्वय र कार्यगत सहकार्य गर्ने,

च) घोराही उपमहानगरपालिकाका वडास्तरमा योजनाको कार्यान्वयनमा प्रभापकारिता ल्याउन सहभागितात्मक अनुगमन तथा मुल्यांकन गर्ने गराउने, सामाजिक लेखाजोखा गर्ने, सार्वजनिक सुनवार्य गराउने र लैससास लेखाजोखा गर्ने,

छ) घोराही उपमहा नगरपालिकाका बडा भित्रका महिला, वालबालिका लगायत वञ्चितीकरणमा परेका समुदायको खण्डिकृत तथ्यांक संकलन एवं विश्लेषण गर्ने र समस्याको पहिचान गर्न सहयोगको साथै सो समस्या समाधानका लागि योजनाको माग गर्न वकालत पनि गर्ने,

ज) घोराही उपमहानगरपालिकाका वडास्तरमा लैससास सम्बन्धि क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने र गराउने,

झ) यस नीति कार्यान्वयन गर्नेक्रममा आउन सक्ने सम्भावित जोखीमहरुको समाधान गर्न आवश्यक ब्यबस्था गर्ने,

ञ) यी माथि उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्न र गराउन

पालिका स्तरीय समितिको बैठक सामान्यतया प्रत्येक चौमासीक रुपमा बस्ने छ । वडा स्तरिय समितिको बैठक प्रत्येक ६ महिनाको एक पटक बस्ने छ। आवश्यकता अनुसार समितिको बैठक जुनसुकै वेला पनि बस्न सक्ने छ।

## १३. नीतिको पुनरावलोकन तथा सुधार

यस नीतिको कार्यान्वयनको प्रभावकारीता, उपयुक्तता र उपादेयताको मुल्यांकन गरी नीतिमा समसामयिक पुनरावलोकन तथा परिमार्जन एवं सुधार हरेक तीन वर्षमा गरिने छ।

## १४. बाधा अडकाउ फुकाऊः

यस नीति कार्यान्वयनको क्रममा कुनै बाधा/अवरोध परेमा नगरकार्यापालिकाले बाधा अडकाउ फुकाउन सक्नेछ ।

**१५. खारेजी तथा बचाउः**

(क) यस नीति लागू हुनभन्दा अगाडी भए/गरेका कामकारवाहीहरु यसै नीति बमोजिम भए/गरेको मानिनेछ ।

(ख) यस नीतिमा उल्लिखित कुराहरु प्रचलित कानुनसँग बाझिएमा बाझिएको हदसम्म सम्बन्धीत कानून बमोजिम नै हुने छ ।

## अनुसूचि १

### लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) शब्दावली तथा परिभाषा

१. लैससास : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ।

२. लक्षित समूदाय : यस लैससास नीतिको प्रयोजनको लागि निम्न उल्लेखित वर्ग तथा समूहलाई लक्षित समूदायको रुपमा मानिएको छः समुदायमा पछाडी पारिएका भन्नाले सीमान्तकृत तथा पछाडी पारिएका, जोखिममा परेका वा बहिष्करणमा परेका समुदाय जस्तै महिला, दलित, आदिवासी जनजाती, मधेसी, थारु, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, एकल महिला र हिंसा पीडित, आदि ।

आज्ञाले,
ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत